# पालिका सन्देश

"स्थानीय तहको सञ्चार सारथी"

साप्ताहिक

।। वर्ष : १ ।। अंक : ४१ ।। ।। २०८० पुस २५ बुधबार ।। 10 Jan. 2024, Wednesday ।। पृष्ठ : ६ ।। मूल्य : रु. ५/- ।। www.palikasandesh.com


**पालिका सन्देश सूचना !**

*पत्रिका नियमित नभएमा, ठेगाना परिवर्तन गर्नुपरेमा, समाचार, सूचना तथा विज्ञापन प्रकाशन गर्नुपरेमा वा अन्य कुनै गुनासो भएमा ९८६१०४२८०४ नम्बरको वाट्सपमा म्यासेज गर्न सक्नुहुनेछ। वा सिधैं फोन गर्न सक्नुहुनेछ।*

# धेरै धान फल्नेमा कोशी प्रदेश अगाडि

**झापा (पालिका सन्देश) ।** धानको उत्पादन चालु आर्थिक वर्ष २०८०/८१ मा ४.३३ प्रतिशतले बढेको सरकारी तथ्यांकले देखाएको छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयका अनुसार यो वर्ष देशभर ५७ लाख २४ हजार २३४ मेक्ट्रिक टन धान उत्पादन भएको छ । यो पछिल्लो चार वर्षको औसत उत्पादनको तुलनामा ५.०८ प्रतिशत र गत आव २०७९/८० को तुलनामा ४.३३ प्रतिशत धेरै भएको समेत मन्त्रालयले जनाएको छ । गत वर्ष देशभर कुल ५४ लाख ८६ हजार ४७२ मेक्ट्रिक टन धान उत्पादन भएको थियो ।

संघीय सरकारले सातै प्रदेशका कृषि मन्त्रालयबाट जिल्लागत रूपमा प्राप्त भएका आंकडा, इसिमोडसँगको सहकार्यमा स्याटलाइट इमेजको प्रयोगबाट तराईका जिल्लामा लगाइएको धान बालीको क्षेत्र, चालु आवमा भएको रोपाइँको आंकडालाई प्रमुख आधार मानेर धानको उत्पादन अनुमान गरिएको जानकारी दिएको छ ।



### कुन प्रदेशमा कति भयो धान उत्पादन ?

| प्रदेश | क्षेत्रफल (हेक्टर) | उत्पादन (मेट्रिक टन) |
|---|---|---|
| कोशी | ३,२४,४०१ | १४,३५,५७८ |
| मधेश | ३,८३,१८३ | १३,३७,६७२ |
| बागमती | १,२८,९०३ | ५,०४,३४४ |
| गण्डकी | १,०१,९२३ | ३,९१,६२४ |
| लुम्बिनी | ३,०२,३८६ | १३,१०,८२९ |
| कर्णाली | ४१,९०४ | ४५,०६३ |
| सुदूरपश्चिम | १,५६,२८९ | ५,९९,१२४ |
| कुल | १४,३८,९८९ | ५७,२४,२३४ |

*स्रोत : कृषि तथा पशुपन्छी विकास मन्त्रालय ।*

### जमिन घट्यो

अघिल्लो आवको तुलनामा यो वर्ष धानबाली लगाइएको क्षेत्रफल भने घटेको कृषि मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार अघिल्लो आवको तुलनामा यो वर्ष धान उत्पादन हुने जमिन ८ हजार ८ सय हेक्टर कम भएको छ । यो ०.६१ प्रतिशत कम हो । यो वर्ष कुल धानबाली भित्राइएको क्षेत्रफल १४ लाख ३८ हजार ९ सय ८९ हेक्टर रहेको मन्त्रालयले जनाएको छ । यो गत चार आवको औसत क्षेत्रफलको तुलनामा १.७३ प्रतिशत कम हो । धानबालीको औसतः उत्पादकत्वदर गत आवको तुलनामा ४.९७ प्रतिशतले बढेर ३.९८ मेट्रिक टन प्रतिहेक्टर पुगेको समेत मन्त्रालयको तथ्यांक छ । यो पछिल्लो चार आवको औसतः उत्पादकत्व दरको तुलनामा ६.९२ प्रतिशतले बढी हो ।

### धेरै धान फल्ने प्रदेश कोशी

प्रदेशगत हिसावले यो वर्ष सबैभन्दा धेरै धान कोशी प्रदेशमा फलेको छ । कर्णालीमा न्यून धान फल्ने गरेको पाइएको छ । उत्पादकत्वको हिसावले समेत कोशी प्रदेश अगाडि छ । यहाँ ४.४३ प्रतिमेटन प्रतिहेक्टर उत्पादन भएको छ । मधेश प्रदेशमा ३.४९ मेट्रिकटन प्रतिहेक्टर उत्पादन भएको आंकडा मन्त्रालयको छ । उत्पादन र उत्पादकत्व दुवैको वृद्धिका हिसावले लुम्बिनी प्रदेश अगाडि रहेको छ भने मधेश प्रदेशको उत्पादन र उत्पादकत्व दुवै ऋणात्मक देखिएको मन्त्रालयले जनाएको छ । तथ्यांक अनुसार कोशी प्रदेशमा ३ लाख २४ हजार ४०१ हेक्टरमा धान लगाइएको थियो । जसमा १४ लाख ३५ हजार ५७८ मेट धान उत्पादन भएको छ । मधेशमा ३ लाख ८३ हजार १८३ हेक्टरमा धान लगाइएकोमा १३ लाख ३७ हजार ६७२ मेट धान उत्पादन भएको छ ।

*बाँकी पृष्ठ २ मा*

# स्थायी बसोवास गर्ने गरी बिदेसिए ७१ हजार नेपाली

**झापा (पालिका सन्देश) ।** पछल्लो समय स्थायी बसोवास गर्नेगरी बिदेसिने नेपालीको संख्या बढ्दै गएको छ । सन् २०२३ मा स्थायी बसोवास गर्ने गरी ७१ हजार नेपाली बिदेसिएका छन् । अध्यागमन विभागले जारी गरेको तथ्यांकअनुसार सन् २०२३ मा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट स्थायी बसोवास गर्ने गरी ७० हजार नौ सय १५ नेपाली बिदेसिएका छन् । स्थायी बसोवासका लागि विदेश जानेमा ३६ हजार ६ सय ६३ पुरूष र ३४ हजार दुई सय ५१ महिला छन् ।

विभागका अनुसार यस अवधिमा देश छाड्ने नेपालीको संख्या १६ लाख तीन हजार आठ सय ३६ छ । जसको ४.४२ प्रतिशत नेपाली स्थायी बसोवास गर्ने उद्देश्यले बाहिरिएका हुन् । खाडी मुलुकबाहेक युरोप, अमेरिका, अस्ट्रेलियालगायतका देश जाने नेपालीको मूल उद्देश्य नै स्थायी बसोवासका लागि हुने गरेको विभागका महानिर्देशक रूद्रसिंह तामाङले बताएका छन् । यसमा डाइभर्सिटी भिसा (डिभी) परेर, ग्रिनकार्ड लिएर र स्थायी आवासको अनुमति (पिआर) लिएर बाहिरिने गरेको उनको भनाइ छ । 'पर्यटन, अध्ययन जे भने पनि यताबाट गएका नेपाली नागरिक उता गएपछि स्थायी बसोवासका लागि पहल गर्ने गरेका छन् । खाडी मुलुक जाने नेपाली मात्रै फर्किने गर्छन्,' उनले भने ।

नेपाल छोडेर विदेश जानेमा महिलाभन्दा पुरूषको संख्या बढी देखिन्छ । सन् २०२३ मा चार लाख ३२ हजार पाँच सय ८४ जना महिला बाहिरिँदा ११ लाख ७१ हजार एक सय ८६ जना पुरूष बिदेसिएका छन् । सबैभन्दा बढी रोजगारीको सिलसिलामा पुरूष जनसंख्या बिदेसिएको विभागको तथ्यांकले देखाएको छ । वैदेशिक रोजगारमा सात लाख २३ हजार सात सय ८९ पुरूष र ८४ हजार ६ सय चारजना महिला बिदेसिएका छन् ।

विभागका अनुसार स्वास्थ्य उपचारका लागि १९ हजार पाँच सय नौजना बिदेसिएका छन् । व्यावसायिक प्रयोजनका लागि १८ हजार नौ सय ६४ जना विदेश गएका छन् । औपचारिक भ्रमणको सिलसिलामा १६ हजार एक

*बाँकी पृष्ठ २ मा*

# झापामा बढ्दै चेक बाउन्सका मुद्दा

**झापा (पालिका सन्देश) ।** पछिल्लो समय झापामा चेक बाउन्सका मुद्दा बढ्दै गएको पाइएको छ । जिल्ला प्रहरी कार्यालय झापाका अनुसार चालु आर्थिक वर्ष २०८०/०८१ को पहिलो पाँच महिनामा ६५ वटा यस्ता प्रकृतिका मुद्दा दर्ता भएका छन् । सबैभन्दा बढी असोज र मंसिरमा १८/१८ वटा चेक बाउन्सका मुद्दा दर्ता भएका छन् । त्यस्तै, साउनमा १२, भदौमा ८ र कात्तिकमा ९ वटा मुद्दा दर्ता भएको छ ।

दर्ता मुद्दामध्ये साउन र असोज र कात्तिकका दुईदुईवटा मुद्दा किनारा लागेका छन् । विदेश पठाइदिने, जग्गा मिलाइदिने लगायतका नाममा ठगी गरेका घटनासँग सम्बन्धित चेक बाउन्सका मुद्दा पर्ने गरेका छन् । घटनामा संलग्न ५४ पुरूष र ९ महिला गरी ६३ जना अझै पनि प्रहरी नियन्त्रणबाहिरै छन् । उनीहरूहरूको खोजी भइरहेको झापाका प्रहरी प्रवक्ता खगेन्द्रप्रसाद रिजालले बताएका

*बाँकी पृष्ठ २ मा*













# कपडा बैंक : पुरानो ल्याउनुहोस्, नयाँ लैजानुहोस्

**बुधबारे (पालिका सन्देश) ।** झापाको बुद्धशान्तिमा कपडा बैंकको स्थापना गरिएको छ । विपन्न समुदायका व्यक्तिका लागि निःशुल्क रूपमा कपडा प्रदान गर्ने उद्देश्यले कपडा बैंक स्थापना गरिएको हो ।




ब्रोडलिङ्क इन्टरनेट र प्रोग्रेसिभ युथ क्लब अफ बुद्धशान्तिको आयोजना तथा नेपाल स्काउट बुद्धशान्ति र इलाका प्रहरी कार्यालय बुधबारेको सहयोगमा बुधबारे ट्राफिक चोकमा कपडा बैंक स्थापना गरेको हो । प्रयोगमा आएका तथा सफा कपडा बैंकमा राखेर गरीब तथा विपन्नवर्गलाई निःशुल्क रूपमा वितरण गरिनेछ । जाडोको समयमा कुनै पनि व्यक्ति न्यानोबाट वञ्चित हुन नपरोस् भनेर अभियान सञ्चालन गरिएको स्पेश केवल नेटवर्क प्रालिका सञ्चालक सुनिल भट्टराईले बताएका छन् । उनले आफूसँग बढी भएको लत्ताकपडा बैंकलाई प्रदान गरेर सहयोग गर्न सवैमा आग्रह समेत गरका छन् ।

केही समय लगाएपछि व्यक्तिले यसै फाल्ने कपडालाई सफा गरेर पुनः प्रयोगमा ल्याउने गरी कपडा बैंकको स्थापना गरिएको बताइएको छ । जाडोबाट विपन्न समुदायका व्यक्ति बढी प्रभावित हुने भएकाले आफ्नो संस्थाले इन्टरनेट सेवा मात्रै नभएर मानविय सेवाका लागि कपडा बैंक स्थापना गरेको बताए ।

पछिल्लो समय जाडो बढेसंगै झापाका विभिन्न चोक बजारमा सामाजिक संघसंस्थाहरूले कपडा बैंक स्थापना गरेका छन् ।


## अबतपाई हाम्रो शहर बुधबारेमा
लिला डाइगनोष्टिक सेन्टरमा उपलब्ध सेवाहरु :

**डा.दिनेश पोखेल**
एमबीबीएस एमडी रेडियोलोजिस्ट
भिडियो एक्स्रे, युसीजी सेवा
(प्रत्येक आइतबार र मंगलबार बिहान १०:०० बजेदेखि)

**डा. आकाश कोइराला**
एमबीबीएस एमडी, बरिष्ठ फिजिसियन (BPKIHS DHARAN)
पेट, छाती, दम, मुटु रोग बिशेषज्ञ
(प्रत्येक दिन दिनको ३:०० बजेबाट)

**डा.दिपायल पाण्डे**
एमबीबीएस एमडी (BPKIHS DHARAN)
बरिष्ट छाला, यौन तथा सौन्दर्य रोग विशेषज्ञ
डेल्फी स्किन दमकबाट (हरेक बिहीबार १:०० बजेबाट)

**डा.ज्योती अग्रवाल**
एमबीबीएस एमडी (BPKIHS DHARAN)
बरिष्ट बाल रोग तथा नवजात रोग बिशेषज्ञ
(प्रत्येक मंगलबार र शनिबार)

**डा. अजय अग्रवाल**
एमबीबीएस एमडी (BPKIHS DHARAN)
वरिष्ठ स्त्री तथा प्रशुती रोग विशेषज्ञ
(प्रत्येक मंगलबार र शनिबार)

**नोट** : यहाँ प्याथोलोजी, ल्याब, भिडियो एक्सरे, फार्मेसीको सुविधा समेत उपलब्ध छ ।

**लिला डाइग्नोष्टिक सेन्टर**
बुद्धशान्ति-१, बुधबारे बजार (बीच चोक) पुरानो चिउरा मिल अगाडि
सम्पर्क नं. ९८२४२०५३३०/९८४९५०९८१७


## बुद्धशान्ति गाउँपालिका
गाउँपालिकाको कार्यालय, बुधबारे झापा प्रदेश नं १, नेपाल

### नक्सापासका लागि संधियारको नाममा जारी गरिएको १५ दिने सूचना ।

यस गाउँपालिकाको वडा नं. ०३ बस्ने श्री सञ्जु थेवेको नाममा दर्ता कायम रहेको साविक बुधबारे-०९(ख) हाल बुद्धशान्ति गाउँपालिका वडा नं-०३ स्थित टोल मार्गमा पर्ने कि.नं. ९१८० र ९१९५, ज.वि.०-०-३.२५, र कि ०-०-७.२५ मा तपशिलमा उल्लेख भए बमोजिमको घर अभिलेखीकरण (नक्सापास) गर्न स्वीकृतिको लागि पेश भएकोमा नक्सापासका लागी संधीयारको नाममा जारी गरिएको १५ दिने सूचना सम्बन्धित स्थानमा सूचना टाँस गर्न जाँदा तपशिलमा भएका संधीयारहरु नभेटीनु भएको हुँदा जारी मितिबाट १५ दिन पत्र साथ, संधियार, बाटो, नदिनाला र सार्वजनिक जग्गालाई असर पर्ने वा नपर्ने सोको उजुरी गर्नका लागी यो बमोजिम नक्सा पास भईजाने व्यहोरा अनुरोध छ।

**तपशिल** :

| सि.नं. | जग्गाको विवरण | घरको विवरण | घरजग्गा धनी सँधियार |
|---|---|---|---|
| १ | साविक : बुधबारे-०९(ख)<br>हाल : बुद्धशान्ति-०३<br>कि.नं. : ९१८०, ९१९५<br>ज.वि.: ०-०-३.२५, ०-०-७.२५ | एक तले : १०५७.१२ स्क्वार फिट । | पूर्व : संचिता लावती<br>पश्चिम : उषा लभोन<br>उत्तर : १२ फुटे बाटो<br>दक्षिण : इच्छामान राई |


श्री पशुपति ज्वेलरी शप
बुद्धशान्ति-३, झापा

हाम्रा सेवाहरू :
यहाँ पुराना तथा आधुनिक डिजाइनका गरगहनाहरु उचित मुल्यमा पाउनुका साथै ग्रह तथा राशीका पत्थरहरु सुफत मुल्यमा पाइन्छ ।



'ग्राहकको सन्तुष्टि नै हाम्रो चाहाना हो ।'
सम्पर्क : ९८४२६९६८२७/ ९८१५०१८९७०



घर जग्गा खरिद बिक्रीका लागि सदैव
**हामीलाई सम्झनुहोस् ।**

**झापाली दाहाल्स मल्टी पर्पोज कम्पनी प्रा.लि**
बुद्धशान्ति-३, बुधबारे, झापा

**मनेष दाहाल** — प्रोपाइटर
**निर्देश गुरुङ** — व्यवस्थापक

सम्पर्क : ९८५२६७८६४५, ९८४२६९६८८८


## फरवार्ड माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड
FORWARD Microfinance Laghubitta Bittiya Sanstha Ltd
केन्द्रीय कार्यालय दुहबी, सुनसरी

### भाखा नाघेको कर्जा बुझाउन आउने बारेको ३५ दिने सूचना !

*प्रकाशित मिति : २०८०/०९/२५*

यस फरवार्ड माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेडको कोशी प्रदेशका विभिन्न शाखा कार्यालयहरुबाट तपशिलका कर्जा ग्राहक सदस्यहरुले विभिन्न समयमा कर्जा लिई समयमा कर्जा नबुझाई भाखा नघाएकोमा वारम्वार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा र ब्याज नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मिति भित्र पनि तपाईंबाट वित्तीय संस्थाले लिन बाँकी रहेको साँवा र ब्याज रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम कर्जा लिँदा लेखिदिएको धितो लिलाम बिक्री वा चलअचल जायजेथा रोक्का राखी वा अन्य व्यबस्था गरी वित्तीय संस्थाको सम्पूर्ण लेना रकम असूलउपर गरिने व्यहोरा समेत जानकारी गराउदछौं। साथै तपशिल बमोजिमका व्यक्तिहरुलाई वित्तीय संस्थाबाट कर्जा लिन ब्यक्तिगत जमानी दिने/धित्तो जमानी दिनेहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराईएको छ।

**तपशिल** :
शाखा कार्यालय भद्रपुर, झापा

| क्र.सं. | कर्जा ग्राहकको नाम, थर | ठेगाना | बुबाको नाम | ग्राहकको पिता/पतिको नाम | ब्यक्तिगत जमानी दिने वा धितो जमानी दिनेको नाम |
|---|---|---|---|---|---|
| १ | अनु लिम्बु | जिल्ला झापा, भद्रपुर नगरपालिका वडा न.४ (हाल जिल्ला झापा भद्रपुर नगरपालिका, वडा न.४ ज्ञानुचोक) | रणध्वज लिम्बु | पति : सुमन लिम्बु | सुमन लिम्बु |
| २ | सुस्मा राय | जिल्ला झापा, भद्रपुर नगरपालिका वडा न.१ (हाल भद्रपुर नगरपालिका वडा न.१०चन्द्रगढी) | माहाविर महतो | पति : गोपाल राय | छोरा : विकास राय |
| ३ | शोभा राजबंशी | जिल्ला झापा, चन्द्रगढी गा.बि.स.वडा न.६ (हाल जिल्ला झापा भद्रपुर, नगरपालिका वडा न.१०चन्द्रगढी) | ग्रहण राजबंशी | पति : बिनोद कुमार राजबंशी | छोरा : बिशाल राजबंशी |
| ४ | गीता मुखिया | जिल्ला झापा, चन्द्रगढी गा.बि.स वाड नं १ (हाल जिल्ला झापा, भद्रपुर नगरपालिका वडा न.१० चन्द्रगढी) | मोहन मुखिया | पति : राजन मुखिया | राजन मुखिया |
| ५ | शोभा मुखिया | जिल्ला झापा, चन्द्रगढी गा.बि.स. वडा न.७ (हाल जिल्ला झापा भद्रपुर नगरपालिका वडा न.१० चन्द्रगढी) | सईनी मुखिया | पति : प्रकास मुखिया | प्रकास मुखिया |
| ६ | याम कुमारी लिम्बु | जिल्ला झापा, गरामनी गा.बि.स.वडा न.९ (हाल जिल्ला झापा भद्रपुर नगरपालिका वडा न.४ ज्ञानुचोक | लाल बहादुर लिम्बु | पति : गजेन्द्र लिम्बु | गजेन्द्र लिम्बु |
| ७ | उमा राजबंशी | जिल्ला झापा, ज्यामिरगढी गा.बि.स.वडा न.२ (हाल मेचीनगर नगरपालिका वडा न. १५ निलकुठी) | अष्ट राजबंशी | पति : सन्चरी राजबंशी | सन्चरी राजबंशी |
| ८ | सुमित्रा राजबंशी | जिल्ला झापा, भद्रपुर नगरपालिका वडा न.५ (हाल जिल्ला झापा भद्रपुर नगरपालिका वडा न.८ लालमाटी) | हरिचन्द्र राजबशी | सन्त कुमार राजबंशी | सन्त कुमार राजबंशी |

## जाडोबाट बच्न निम्न उपायहरू अवलम्बन गरौं

- तातो, झोलिलो पदार्थ प्रशस्त मात्रामा पिउने गरौं,
- न्यानो कपडा लगाऔं,
- घाम वा आगो तापौं,
- तेल मालिस गरौं,
- शारीरिक व्यायाम गरौं,
- बालबालिका, ज्येष्ठ नागरिक तथा अशक्तले सकेसम्म चिसोको समयमा घर बाहिर ननिस्कौं,
- ताजा र पौष्टिक खानेकुरा खाऔं,
- जाडोबाट बच्ने नाममा धूम्रपान तथा मद्यपान नगरौं,
- स्वास्थ्यमा कुनै समस्या परेमा चिकित्सक वा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं ।

**बुद्धशान्ति गाउँपालिका**
बुधबारे, झापा

पी.एस.टी नेपाल मिडिया प्रा.लि.द्वारा प्रकाशित पालिका सन्देश साप्ताहिक, कार्यालय : बुद्धशान्ति-३ झापा, सम्पर्क :९८६१०४२८०४, अध्यक्ष : सुरज दंगाल कार्यकारी सम्पादक : विष्णुप्रसाद लामिछाने, सम्पादक : तीर्थराज तिम्सिना
क.दर्ता नं २६०८९९/०७७/०७८, इमेल : palikasandesh@gmail.com,tirthatimsina508@gmail.com, ले-आउट : सन्तोष शर्मा, मुद्रण : श्री गणपति अफ्सेट प्रेस, बिर्तामोड, झापा ।

## प्रेरक भनाइ

ज्ञानदाता गुरूको निन्दा गर्नु त परै जाओस, निन्दा सुन्नु पनि हुँदैन- **चाणक्य** ।

## सम्पादकीय

# सहकारीलाई नियमन गर

**पछिल्लो समय सहकारीमा समस्या बढ्दै गएको छ। केही बर्ष अघिसम्म सहकारी क्षेत्रमा सदस्य बन्न उत्सुक्ता देखिने सदस्यहरु हाल आएर सहकारीमा सदस्यता लिन डराइरहेका छन्। आफ्नो व्यक्तिगत हितका लागि दुईचारजना व्यक्तिले खोलिएका सहकारी संस्थाहरु भाग्दै गएका, सदस्यको करोडौं पैसा फिर्ता नदिएको समाचार दिनानुदिन शृंखलावद्ध रुपमा आइरहेको छन्। यसले गर्दा सदस्यहरुमा थप डर पैदा भईरहेको छ। सर्वसाधारण जसले छोराछोरीको शिक्षा–दीक्षा, आफ्नो पेसा, व्यवसाय र परिवारको स्वास्थ्य उपचारका लागि रकम जम्मा गरेका थिए, कुनै निश्चित गिरोहले योजनाबद्ध रूपमा रकम अपचलन गर्दा पनि सहकारी हेर्ने निकाय मौन बसिरहेको छ।**

**सहकारीको सिद्धान्तलाई आत्मसाथ गर्दै सहकारी संस्था सञ्चालन गर्ने हो भने कुनैपनि समस्या नआउन सक्छ। तर, सहकारीको सिद्धान्त एकातिर काम अर्कातिर भएकाले सहकारीमा समस्या बढ्दै गएको छ। सदस्यले बचत गरेको रकमको बोनस, व्याज, लाभांस त परै जाओस् साँवा रकम समेत फिर्ता दिन सक्ने अवस्था केही सहकारीहरुमा छैन। सहकारीमा नियमविपरीत लगानी गर्ने, सञ्चालकहरूले मनपरी तलब, भत्ता र पेस्की लिने तथा असुरक्षित रूपमा लगानी गर्ने गरेकाले सहकारीको पैसा जोखिममा छ। कार्यक्षेत्रभन्दा बाहिर गएर कारोबार गर्ने र गैरसदस्य कारोबार गर्ने गरेकाले सहकारीमा दिनप्रतिदिन जोखिम बढ्दै गएको छ।**

**अवोपरान्त सदस्यले पनि कस्तो सहकारीमा सदस्य बन्ने, कारोवार कस्तो छ ?, सञ्चालक समितिमा कस्ता मानिसहरु छन् ?,साधारणसभा नियमित गर्छ गर्दैन ?, सदस्यलाई दुःख विमार पर्दा सहयोग गर्छ गर्दैन ? भन्ने कुरा बुझ्नु जरुरी छ। अर्कातर्फ सहकारीलाई नियमन गर्ने निकाय, स्थानीय तह, प्रदेश र संघीय वा संघीय सरकारले पनि सहकारीलाई कडाइका साथ सञ्चालन गराउनुपर्ने देखिन्छ। प्रदेशमा सहकारीको व्यवस्थापन गर्ने जिम्मेवारी पाएको भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले अनगुमन गरेको छैन। गरेता पनि झारो टार्ने काम मात्रै भएको छ। जनताको खबौं रुपैयाँ धरापमा पर्दा पनि सरकार कानमा तेल हालेर बस्नु उचित होइन। जनताको लगानी सुरक्षित गर्नु उसको प्रथम दायित्व हो। अझ अनुत्पादक क्षेत्रमा थुप्रिएको सहकारीको रकमलाई उत्पादक, राष्ट्रिय आवश्यकता सम्बोधन गर्ने, रोजगार सिर्जना गर्ने, आयात विस्थापन गर्ने क्षेत्रमा परिचालन गर्नुपर्छ। ठूला आयोजनामा सहकारीको पैसा परिचालन गर्न उचित ऐन, नियमको आवश्यकता पर्छ। तसर्थ सरकारले नयाँ केही नीति ल्याएर सहकारीको अनुगमन गरी जनताको पैसा सुरक्षित गरिहाल्नुपर्ने देखिन्छ।**

# वित्तीय साक्षरताले रेमिट्यान्सको सही उपयोग गर्न सिकाउँछ

❍ **डा. गुणाकर भट्ट**

नेपालको अर्थतन्त्रको एउटा महत्वपूर्ण आधारकोरूपमा रेमिट्यान्स रहेको छ । विदेश गएका नेपालीहरूले विदेशमा ठूलो मेहनत गर्नु भएको छ । उहाँहरू यहाँ आफ्नो घरपरिवार छोडेर जानुभएको छ । विदेशमा पसिना बगाउनु भएको छ । कमाइ गर्नुभएको छ । त्यो नेपालमा रहेको आफ्नो घरपरिवारलाई पठाउनुहुन्छ । त्यो रेमिट्यान्सकोरूपमा हाम्रो देशमा भित्रिरहेको छ । यस कारणले हामी संसारका रेमिट्यान्स भित्र्याउने देशहरूमध्ये अग्रस्थानमा पर्छौं । हामीकहाँ अहिले पनि कुल गार्हस्थ उत्पादनको २० प्रतिशत रेमिट्यान्स आएको देखिन्छ ।

पछिल्लो समय हेर्ने हो भने ठूलो सत्यामा नेपालीहरू कामका लागि विदेशमा गएका छन् । यो दुई वर्ष यता हेर्दा करिब करिब १६ लाख मान्छे कामको लागि विदेश गएको देखिन्छ । ठूलो सत्यामा नेपालीहरू विदेश गइरहेका छन् । उनीहरूले पठाएको रेमिट्यान्सले नेपालमा आयात धान्नका लागि, नेपालले आफ्नो विदेशी विनिमयलाई बलियो बनाउन रेमिट्यान्सले ठूलो मद्दत पुऱ्याइरहेको छ । यस्तो बेलामा घरपरिवारले प्राप्त गरेको रेमिट्यान्सलाई स्वभाविकरूपले उहाँहरूले बच्चाहरूको शिक्षामा, घरपरिवारको स्वास्थ्यमा, स्तरीय कपडामा तथा राम्रो जीवन निर्वाह गर्नका लागि आवासमा खर्च गरिरहनु भएको छ ।

त्यो बाहेक पनि विदेश गएका नेपालीहरूले विदेशमा कमाएको रेमिट्यान्स नेपाल सरकारले समय समयमा जारी गर्ने वैदेशिक रोजगार बचतपत्र छ त्यसमा उहाँहरूले लगानी गर्नसक्नुहुन्छ । यदि उहाँहरूले आफ्ना दैनिक खर्च, व्यक्तिगत खर्च, नियमित आवश्यकतामा खर्च गरेर थप बचाउन सकिने रकम भविष्यका लागि बचाउन सकिन्छ भने वैदेशिक रोजगार बचतपत्रमा लगानी गर्ने अवसर छँदैछ । यो रोजगार बचतपत्रको ब्याजदर अन्य बचतभन्दा सामान्यतया अधिक नै छ ।

यस्तै विदेशमा रहेका नेपालीले रेमिट्यान्स पठाउनुहुन्छ र रेमिट्यान्स खातामा बचत गर्नुहुन्छ भने अरूलाई दिनेभन्दा बैंकहरूमा एक प्रतिशत ब्याजदर थपको व्यबस्था छ । अन्य मुद्दती खातामा यदि नौ प्रतिशत ब्याजदरको व्यबस्था छ भने रेमिट्यान्स मुद्दती बचत खातामा कम्तीमा एक प्रतिशत बढी ब्याज पाउने व्यबस्था छ । यस्का लागि उहाँहरूले बैंकमा रेमिट्यान्स आएको प्रमाण देखाएर रेमिट्यान्स खाता खोलेर थप ब्याज आर्जन सक्नुहुन्छ ।

नेपाली नागरिकले नेपालमै बसेर कमाएको पैसा बैंकमा जम्मा गरेको ब्याज भन्दा विदेश गएर दुःख गरेर पठाएको पैसामा एक प्रतिशत ब्याज कम्तीमा पनि थप्नुपर्छ भन्ने व्यबस्था हामीले गरेका छौं रेमिट्यान्स बचत गर्ने उत्साहको लागि । यो पनि रेमिट्यान्स जम्मा गर्न दिइएको एक प्रकारको उत्प्रेरणा हो ।

**रेमिट्यान्स तीन प्रकारले व्यवस्थापन गर्न सकिन्छ**

विदेशमा कमाएको रेमिट्यान्सलाई हामीले तीन प्रकारले व्यबस्थापन गर्न सक्छौं । विदेशमा बस्दा पनि आफ्ना केही व्यक्तिगत आवश्यकता त हुने नै भए । त्यसपछि घर परिवारको शिक्षा, स्वास्थ्य, आवास, लत्ताकपडा त्यसमा पनि केही खर्च हुन्छ । त्यसबाहेक बाँकी भएको रकम साथीभाइलाई ऋण सापट दिने अथवा अन्यत्र राख्ने काम गर्नु भएन । यसले विदेशमा दुःख गरेर कमाएको रकमको सही सदुपयोग हुन सक्दैन ।

अर्को भनेको राष्ट्र बैंकको निगरानीमा नरहने कतिपय सहकारी जस्ता ठाउँहरू जहाँ अहिले समस्या आइरहेको छ, त्यहाँ पैसा राख्दा मान्छेहरूको पैसा डुबिरहेको




छ त्यस्ता संस्थाहरूमा राख्नुको सट्टा आफूले बचत गरेको रकम बैंकमा बचत गर्न सकिन्छ । बैंक पैसा राख्नका लागि सजिलो माध्यम पनि छ । यसरी बैंकमा रोमिट्यान्स राख्दा अरूले पाउने भन्दा थप एक प्रतिशत ब्याज पनि पाइन्छ ।

यसैगरी सरकारले समय समयमा निकाल्ने वैदेशिक रोजगार बचतपत्रमा पनि लगानी गर्न सकिन्छ । वैदेशिक रोजगार बचतपत्रको ब्याज पनि तुलनात्मकरूपमा केही बढी हुन्छ । त्यसकारण यदि वैदेशिक रोजगारमा जानेहरूले कमाएको रकम बचाउन सक्नुभयो भने भोलि नेपाल फर्किसकेपछि आफूलाई उद्यम, व्यबसाय गर्न पनि सजिलो हुन्छ । त्यो बचतलाई विदेशमा सिकेको ज्ञान, सीप नेपालमा उपयोग गर्दा उद्यम गर्ने वातावरण बन्छ । अब उद्यम शुरू गर्दा आफ्नो पनि केही पैसा भयो भने सजिलो हुन्छ । त्यसकारण आफ्नो बचत यसरी पनि उपयोग गर्न सकिन्छ ।

पालिका तथा प्रदेश सरकारले कतिपय पूर्वाधारका क्षेत्रमा विदेशमा बसेर कमाएको रकमलाई आकर्षित गर्न भोलि रेमिट्यान्स बण्ड जारी गर्न सक्नुहुन्छ । जसरी अहिले नेपाल सरकारले वैदेशिक रोजगार बचतपत्र जारी गरिरहेको छ त्यसैगरी पालिका एवम् प्रदेश सरकारले पनि रेमिट्यान्स बण्ड जारी गरेर बण्डमार्फत् विदेशमा बसेर कमाएको पैसालाई निर्माणका क्षेत्रमा, पूर्वाधारका क्षेत्रमा उपयोग गर्नसक्ने एउटा अवसर छ ।

**रेमिटेन्सको उपयोगका लागि वित्तीय साक्षरता प्रवर्धन**

अर्को भनेको वित्तीय साक्षरता प्रवर्धन गर्नुपर्ने देखिन्छ । पालिकाहरूको दायित्व मुख्यरूपमा वित्तीय साक्षरता बढाउनमा मान्छेहरूलाई जानकारी दिनेमा केन्द्रित गर्नुपर्ने पनि देखिन्छ । विदेशमा कमाएको पैसा अनौपचारिक माध्यमबाट धेरैको यसलाई हुण्डी पनि भन्ने चलन छ, त्यसबाट पठाउने चलन पनि छ । यसरी अनौपचारिक माध्यमबाट वा हुण्डीबाट विदेशमा कमाएको रकम पठाउने नगरौं । यसलाई औपचारिक माध्यम अर्थात् बैंकबाट नै पठाउने गरौं । यसरी बैंकिङ च्यानलबाट पठाउँदा एउटा त बचत गर्ने बानीको विकास हुन्छ । अर्को भनेको त्यो पैसा दुरूपयोग हुँदैन, त्यो पैसा हराउने सम्भावना हुँदैन । त्यो पैसा जोखिममा पर्दैन भनेर वित्तीय साक्षरता प्रवर्धन गर्ने काम गर्नुपर्ने जरूरी पनि देखिन्छ ।

अर्को भनेको नेपालमा पनि बचत गरेको रकमलाई भोलि फेरि उद्यममा लगाउन सकिन्छ भनेर यस्ता कुराहरू घरपरिवारदेखि वैदेशिक रोजगारमा जाने, वैदेशिक रोजगारबाट फर्केका, रोजगारीमै रहेका, वैदेशिक रोजगारीको खोजीमा रहेका, जाने तयारीमा रहेका सबैलाई बुझाउनका लागि, वित्तीय चेतना बढाउनका लागि पालिका वा प्रदेश सरकारले भूमिका खेल्न सक्छ ।

नेपालीहरूमा पनि वित्तीय साक्षरता क्रमशः अभिवृद्धि भइरहेको छ । वित्तीय साक्षरता बढाउनका लागि विभिन्न बैंक तथा वित्तीय संस्थाहरूले पनि आफ्नो लगानीको केही अंश उहाँहरूले वित्तीय साक्षरतामा खर्च गरिरहनु भएको छ । हरेक महिना जसो कुनै न कुनै वित्तीय संस्थाले वित्तीय साक्षरताको कार्यक्रम गरी नै रहेको छ ।

**वित्तीय साक्षरता बढाउँदै बैंक**

पछिल्लो समय केही सञ्चार माध्यमहरू पनि वित्तीय साक्षरता बढाउनमा लागिरहनु भएको छ । राष्ट्र बैंकले स्वभाविकरूपमा डिजिटल वित्तीय साक्षरता भनेर गएको वर्ष देशका दुर्गमलगायत धेरै ठाउँहरूमा राष्ट्र बैंकको उच्च तहबाट नै त्यहाँ उपस्थिति जनाएर कार्यक्रमहरू भएका छन् । राष्ट्र बैंकको गर्भनरसमेत उपस्थित भएर यस्ता धेरै कार्यक्रमहरू भएका छन् ।

बैंकले गर्ने संस्थागत उत्तरदायित्व बापतको खर्च बैंकको मुनाफाको एक प्रतिशत रकममध्ये त्यसको पाँच प्रतिशत रकम वित्तीय साक्षरतामा खर्च गर्न राष्ट्र बैंकले बैंकहरूलाई निर्देशन दिएको छ । त्यसैले अहिले भएका केही व्यबस्थाले पनि वित्तीय साक्षरता अभिवृद्धि गर्न मद्दत पुऱ्याएको छ । हाम्रो वित्तीय साक्षरताको तह अहिलेको तथ्याँक हेर्दा बढेको भन्न सकिन्छ । जस्तो झण्डै पाँच करोड बैंक खाता खुलेका छन् । झण्डै ७२ प्रतिशत नागरिकको कुनै न कुनैरूपमा बैंकिङ पहुँच पुगेको आँकलन गरिएको छ । यी कुराहरूले के पुष्टि गर्छ त भन्दा वित्तीय साक्षरता क्रमशः बढ्दै गइरहेको छ ।

बैंकहरूसँग मान्छेहरूले आफ्नो आर्थिक व्यबहार गर्ने, बैंकमा गएर बचत गर्ने, ऋण लिने जस्ता बानीको क्रमशः विकास भइरहेको छ । त्यसका लागि बैंकहरूले थप सहयोगी भूमिका खेल्नुपर्छ भनेर हामीले भनिरहेका छौं । ग्राहकहरूलाई ऋण लिँदा के कस्तो समस्या आइपर्छ, ब्याजदर कस्तो छ, भोलि ब्याजदर कसरी परिवर्तन हुन सक्छ, ऋणको दुरूपयोग भयो भने के हुन्छ, जुन प्रयोजनको लागि ऋण लिएको हो त्यसको लागि मात्र ऋणको उपयोग गर्नुपर्छ, दुरूपयोग गर्नुहुँदैन भन्ने जस्ता कुराहरू सिकाउनमा बैंकहरूको सबैभन्दा महत्वपूर्ण भूमिका हुन्छ ।

जुन बैंकको जुन शाखाबाट ग्राहकले ऋण लिएको छ अथवा बचत गरेको छ त्यो शाखाले आफ्ना ग्राहकलाई असाध्यै राम्रो किसिमले, प्रभावकारी ढंगले उहाँहरूलाई जानकारी दिनुपर्छ । उहाँहरूलाई यस विषयमा सुसूचित बनाउने काम बैंकको हो । त्यसैले वित्तीय साक्षरता बढाउनमा प्राथमिक दायित्व कसैको छ भने त्यो बैंकहरूको नै हो । त्यसबाहेक पालिकाहरूले पनि आफ्ना नागरिकहरको वित्तीय साक्षरता बढाउन भूमिका खेल्दा राम्रो हुन्छ । अहिले क्रमशः वित्तीय साक्षरता नेपालमा बढ्दै गइरहेको छ ।

रेमिट्यान्सका लागि अहिले सरकारले वित्तीय साक्षरताका कुराहरू, वैदेशिक रोजगार बचतपत्रका कुराहरूलाई हामीले निरन्तरता दिनुपर्छ । वैदेशिक रोजगारीमा जाने मान्छेहरूले उहाँहरू जानुभन्दा अगाडि थप सीप, ज्ञान बढाइदिने र रेमिट्यान्सको रकमलाई कसरी बैकिङ प्रणालीबाट पठाउने भन्ने विषय जानुभन्दा पहिले त्यसलाई तालिमको हिस्साकोरूपमा पनि लैजानुपर्छ जस्तो लाग्छ । (भट्ट नेपाल राष्ट्रबैंकका कार्यकारी निर्देशकसँगै प्रवक्ता तथा सूचना अधिकारी हुनुहुन्छ ।

***(कुराकानीमा आधारित)***

## धेरै धान...

### यस कारण बढ्यो उत्पादन

मधेश प्रदेशमा धान रोप्ने समयमा पर्याप्त वर्षा नभएका कारण उत्पादन र उत्पादकत्वमा ह्रास आएको मन्त्रालयले उल्लेख गरेको छ । समग्र धान उत्पादन बढ्नुमा भने उन्नत बिउको उपलब्धता र प्रयोग, रोग किराको प्रकोपमा कमी, बाढी पहिरोबाट पर्ने नकारात्मक असरमा कमी, मलखादको उपलब्धतामा आएको कमी, कृषि औजार र प्रविधिको प्रयोग र मौसमी अनुकूलतालाई मुख्य आधार मानिएको छ । तथ्यांक अनुसार चैते धानको उत्पादनमा केही ह्रास आएको छ भने मुख्य धानको उत्पादन वृद्धि भएको छ ।

## झापामा...

छन् । पाँच महिनामा ६ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

प्रहरीका अनुसार आर्थिक वर्ष ०७९/०८० मा २४३ वटा र ०७८/०७९ मा १४६ वटा बैंकिङ कसुरका मुद्दा दर्ता भएका थिए । सामान तथा सेवाको भुक्तानी नदिने, व्याबसायिक साझेदारीका नाममा धोका दिनेजस्ता घटनासँग सम्बन्धित चेक बाउन्सका मुद्दा पनि प्रहरीमा पुग्ने गरेका छन् ।

## स्थायी...

सय ११, संयुक्त राष्ट्रसंघको मिसनका लागि ६ हजार ५८, खेलकुद कार्यक्रममा भाग लिन तीन हजार ६ सय ५३, कन्सर्ट तथा सांस्कृतिक कार्यक्रममा भाग लिन एक हजार नौ सय ६४ जना विदेश गएको विभागले जनाएको छ । नेपाली मूलका विदेशमा बस्ने नेपालीको संख्या ३२ जना मात्रै छ । अन्य प्रयोजनमा ३२ हजार तीन सय ५९ जना विदेश गएको विभागले जनाएको छ । विदेशमा आफ्नो परिवारको सदस्य वा आफन्तसँग भेटघाट गर्ने उद्देश्यले बाहिरिने नेपालीको संख्या एक लाख ६७ हजार चार सय ८५ छ । पर्यटन तथा धार्मिक भ्रमणका लागि विदेश जानेको संख्या दुई लाख चार हजार पाँच सय १८ छ । घुमघाम प्रयोजनका लागि विदेश जाने पुरूष एक लाख ३० हजार ९ सय २६ र महिला ७३ हजार पाँच सय ७५ जना छन् । तालिम, सेमिनार र गोष्ठीका लागि भन्दै २४ हजार दुई सय ६३ नेपाली बिदेसिएका छन् ।

# सामुदायिक वनले दिगो विकासका कार्यमा लाग्नुपर्ने : अध्यक्ष स्याङबो

**बुद्धशान्ति (पालिका सन्देश) ।** बुद्धशान्ति-१ मा अवस्थित तीनतले सामुदायिक बन उपभोक्ता समूहको २९औँ बार्षिक साधारणसभामा प्रमुख अतिथिका रूपमा रहेका रोङ गाउँपालिकाका अध्यक्ष मनिकुमार स्याङबो(सुवास)ले सामुदायिक वनले दिगो विकासका कार्यमा लाग्नुपर्नेमा जोड दिएका थिए । उनले बनजंगलको संरक्षण गर्दै मुहान संरक्षण, जलाधारको संरक्षणका साथै जडिबुटी खेती, मौरीपालन जस्ता कुराहरूलाई प्रोत्साहन गरि उपभोक्तालाई रोजगारीसँग जोड्न लाग्नुपर्ने बताएका छन् । उनले तीनतले वन रोङको पनि जङ्गल भएकाले आगामी दिनमा सहकार्य गरि अघि बढ्ने बताए ।

बन समितिका अध्यक्ष नन्दुयाफु राईको सभापतित्व तथा रोङ गाउँपालिकाका अध्यक्ष मनिकुमार स्याङवो( सुवास)को प्रमुख आतिथ्यतामा साधारणसभा सम्पन्न भएको थियो । सभामा बुद्धशान्ति गाउँपालिका १ नम्बर वडाका वडाध्यक्ष अनिल वाग्ले, रोङ सव डिभिजन वन



कार्यालयका प्रमुख होमचन्द्र गौतमको विशिष्ट आतिथ्यता रहेको थियो । सभामा अध्यक्ष राईले वनले गरेका गतिविधिको वारेमा प्रतिवेदन प्रस्तुत गरेका थिए । सोही अवसरमा नमूना आधारभूत विद्यालय र त्रिभुवन माविका गरिब तथा जेहेन्दार दुईदुई जना विद्यार्थीहरूलाई शैक्षिक सामग्री र नगद पुरस्कार वितरण गरिएको थियो ।

विशिष्ट अतिथि वाग्लेले आगामी दिनमा वडाले समेत वनलाई केही वजेट छुट्याएर अघि बढ्ने बताएका छन् । उनले तीनतले पर्यापर्यटन स्थल सहिद पार्कमा वन वाटिका निर्माणका लागि गाउँपालिका र प्रदेश सरकारले १९ लाख ९३ हजार बजेट छुट्याएको समेत बताएका थिए । सभामा पूर्व अध्यक्ष एवम् जग्गादाता भिमकुमार नेवारले समेत शुभकामना मन्तव्य राखेका थिए । साधारणसभामा उपाध्यक्ष पुण्य बहादुर बरालले स्वागत गरेका थिएभने सञ्चालन सचिव छत्रकुमारी फुयलले गरेकी थिईन् । सभामा स्थानीय उपभोक्ता, जनप्रतिनिधि, सरोकारवाला लगायतको उपस्थिति रहेको थियो ।

१ हजार ५सय ३२ जना उपभोक्ता रहेको यस वनको क्षेत्रफल झापा र इलामको रोङ गरी ४ सय ३५ हेक्टरमा फैलिएको अध्यक्ष राईले पालिका सन्देशलाई बताएका छन् । उनले झापामा उक्त बन १५० हेक्टर फैलिएको बताए । बनले उपभोक्तालाई सहुलियत दरमा काठ, दाउरा दिनुका साथै बनजंगललाई संरक्षण र थप विस्तार गर्न समयसमयमा बृक्षारोपण कार्यक्रम गर्दै आएको छ । आ.व २०८०/८१ का लागि वनले विभिन्न शिर्षकहरूमा ५२ लाख बराबरको बजेट समेत निर्माण गरेको छ ।

गरिबी न्यूनीकरणका लागि १९ लाख, वन विकासका लागि १५ लाख बजेट छुट्याइएको राईले बताएका छन् ।

# बुद्ध आदर्शको ६३ औँ बार्षिकोत्सव



**बुधबारे ।** बुद्ध आदर्श माध्यमिक विद्यालय बुद्धशान्ति-१ झापाले आफ्नो ६३ औँ बार्षिकोत्सव मनाएको छ । विद्यालय व्यबस्थापन समितिका अध्यक्ष मनोरथ तिवारीको अध्यक्षता तथा शिक्षा विकास तथा समन्वय इकाइ भद्रपुर झापाका अध्यक्ष राजकुमार बिकको प्रमुख आतिथ्यतामा वार्षिकोत्सव सम्पन्न भएको छ ।

१८, १९ र २० गते भएको वार्षिकोत्सवको समापनका दिन विभिन्न पुरस्कार वितरण गर्नुका साथै सांस्कृतिक कार्यक्रम गरिएको थियो । सोही अवसरमा शिक्षकलाई समेत सम्मान गरिएको थियो । सम्मानित हुने शिक्षकहरूमा दिपक वुढाथोकी, छत्रमणी आचार्य, टिकाराम खवास, गोविन्द ढुंगाना, युवराज अधिकारी, उर्मिला कोईराला, जीवनकुमार भट्टराई, ज्ञान बहादुर धिमाल, गणेश प्रसाद तिम्सिना, माधव वराल, अशोक भुर्तेल र हरि प्रसाईं रहेका छन् । उनीहरूलाई नगद ७ हजार र प्रमाणपत्रले सम्मान गरिएको थियो ।

त्यस्तै उत्कृष्ट वर्ष शिक्षक उमादेवी लामगाँदे र राजु पौडेललाई सम्मान गरिएको थियो । उनीहरूलाई नगद ७ हजार र सम्मान पत्रले सम्मान गरिएको थियो । त्यस्तै विद्यालयमा लामो समयसम्म कर्मचारीको रूपमा रही सेवानिवृत्त भएका कर्मचारी डिल्लीराम काफ्ले र हरि भण्डारीलाई समेत सम्माान सहित बिदाई गरिएको थियो । उनीहरूलाई क्रमशः ६० हजार र ४० हजार नगद सहित विद्यालय व्यबस्थापन समितिका अध्यक्ष तिवारी र प्रमुख अतिथि बिकले सम्मान गरेका हुन् ।

वार्षिकोत्सव कार्यक्रममा प्रमुख अतिथि बिक, आदर्श मावि जयपुरका अध्यक्ष जीवनकुमार पोखरेल, वालकृष्ण दाहाल, सम्मानित शिक्षक ज्ञान बहादुर धिमाल, राजु पोडेल लगायतले शुभकामना मन्तव्य राखेका थिए । विद्यालयका प्रधानाध्यापक कृष्णराज भण्डारीले स्वागत गरेको कार्यक्रमको सञ्चालन शिक्षीका लक्ष्मी देवी न्यौपनेले गरेकी थिइन् ।



# ज्येष्ठ नागरिकलाई कम्बल वितरण



**बिर्तामोड ।** विपन्न ज्येष्ठ नागरिकलाई बिर्तामोड नगरपालिकाले कम्बल वितरण गरेको छ । पालिकाले १६० जनालाई कम्बल वितरण गरेको हो । नगरका सबै वडाबाट संकलन गरिएको नामका आधारमा जाडोमा ओढ्नको लागि न्यानो कम्बल वितरण गरिएको नगरको महिला तथा बालबालिका शाखाले जनाएको छ ।

कार्यक्रममा बोल्दै नगरप्रमुख पवित्रा महतारा प्रसाईंले जाडोले ज्येष्ठ नागरिक बढी पीडित हुने भएका कारण कम्बल वितरण गरिएको बताइन् । २०७४ को निर्वाचनपछि नगरका सबै टोलमा पुगेर अनुगमन गर्दा सिरक नभएर अगेनोको छेउमा सुतेर रात बिताएको देखेपछि नगरपालिकाले कम्बल वितरण कार्यक्रमको सुरूवात गरेको उनले जानकारी दिइन् ।

नगरपालिकाले गएका वर्षहरूमा प्रत्येक वडाबाट १०/१० जनाको दरले १०० जनालाई कम्बल वितरण गर्दै आएको थियो । यस वर्ष यसको संख्या बढेको छ । नगरपालिकाले ज्येष्ठ नागरिकलाई कम्बल लिन आउँदाजाँदा लाग्ने गाडी भाडाको समेत व्यबस्था गरेको थियो । वडाको सिफारिसका आधारमा कम्बल वितरण गरिएको सामाजिक विकास अधिकृत डिल्ली दाहालले जानकारी दिए ।

# अर्जुनधारामा मकैको खोसेलालाई 'पैसा' बनाउने तालिम

**अर्जुनधारा ।** फोहोरलाई मोहोर बनाउने कुरा हामीले सुँन्दै आएका छौं । विभिन्न अन्नपात-तरकारीका पात-डाँठ-बोक्रालाई प्रयोग गरेर वस्तु उत्पादनका कुरा पनि सुन्न थालिएको छ । यसै मेसोमा झापाको अर्जुनधारा नगरपालिकामा समेत मकैको खोसेलाबाट वस्तु उत्पादन अर्थात् खोस्टालाई पैसामा रूपान्तरण गर्ने तालिम शुरू भएको छ ।

नगरपालिकाको महिला तथा बालबालिका शाखाको आयोजनामा मकैको खोसेलाबाट डोरम्याट बनाउने सम्बन्धी १२ दिने तालिम शुरू भएको छ । महिलालाई सीप प्रदान गरी आर्थिकरूपमा आत्मनिर्भर बनाउने उद्देश्यले उक्त तालिमको आयोजना गरिएको शाखाकी प्रमुख सूर्यमाला लिम्बूले बताइन् ।

तालिममा सहजकर्ताद्वय सन्तोषकुमार श्रेष्ठ र उर्मिला रसाइलीले सहजीकरण गरिरहेका छन् । तालिममा अर्जुनधारा-६ र ११ नं. वडाका २४ जना प्रशिक्षार्थीको सहभागिता रहेको शाखाकी सहायक शान्ति गड्तौलाले बताएकी छिन् ।

# सहकारीमा चोरी गर्ने पक्राउ

**हल्दिबारी ।** हल्दिबारी गाउँपालिका-२ स्थित एकता बहुउद्देश्यीय सहकारी संस्थामा भएको चोरीमा संलग्न रहेको आरोपमा प्रहरीले एकजनालाई सर्लाहीबाट पक्राउ गरेको छ । घटना भएको करिब ११ महिनापछि सर्लाही घर भएका सुजित आलेलाई पक्राउ गरी झापा ल्याइएको प्रहरी स्रोतले जनाएको छ ।

२०७९ साल माघ २० गते उक्त सहकारीको मुख्य गेट र सेफ फुटाई ११ लाख ७ हजार ७ सय ६३ रूपैयाँ चोरी भएको संस्थाका अध्यक्ष हरिकृष्ण अधिकारीले बताए । घटनापछि आरोपित आले भारतमा लुकेर बसेका थिए । घर आएको मौकामा उनलाई पक्राउ गरिएको जनाइएको छ । सहकारीको सिसी क्यामेरा फुटेजको आधारमा जिल्ला प्रहरी कार्यालयको अनुसन्धान टोलीले आलेलाई पक्राउ गरी अनुसन्धान गरिरहेको जनाइएको छ । सिसी क्यामेरा फुटेजमा देखिएका चोरीमा संलग्न अर्का व्यक्तिको पनि खोजी भइरहेको प्रहरीले जनाएको छ ।

# पाथीभरा क्षेत्रमा हिमपात

**ताप्लेजुङ ।** ताप्लेजुङस्थित प्रसिद्ध तीर्थस्थल पाथीभरासहित आसपास क्षेत्रमा हिमपात भएको छ । हिमपात भएसँगै त्यस क्षेत्रमा चिसो अत्यधिक बढेर जनजीवन प्रभावित बनेको छ । पाथीभरा धाम ३ हजार ७ सय ९४ मिटर उचाइमा अवस्थित छ । यहाँ सामान्यतया हरेक वर्ष यो मौसममा चैतसम्मै बेला बेलामा हिमपात हुने गर्दछ ।

चिसो निकै बढेपछि पाथीभरा जाने तीर्थयात्रुहरूको संख्यामा कमी आएको छ । पाथीभरा दर्शन र पूजा अर्चना गर्न जाने सीमित सत्याका तीर्थयात्रीहरु चिसो बढेपछि प्रभावित भएका छन् । सामान्यतया यो बेला अरू समयमा भन्दा केही कम तीर्थयात्रीहरु आउने गरेको ताप्लेजुङ सदरमुकाम फुङलिङका स्थानीय अशोक खतिवडाले बताए । पाथीभरा जाने मार्गको ३ हजार १ सय मिटर उचाइमा पर्ने माथिल्लो फेदीदेखि नै हिमपात भएको उनको भनाइ छ ।

पाथीभरा क्षेत्र विकास समितिका कर्मचारी राजेन्द्र महतका अनुसार मन्दिर क्षेत्रमा बाक्लो हिउँ परेको छ । आसपासका बस्तीहरूमा पनि सामान्य हिउँ परेको उनले बताए । अबका केही सातासम्म पाथीभरा क्षेत्रमा हिमपात हुन्छ । यसका साथै आसपासका गाउँ बस्ती पनि हिउँमय हुने गरेका छन् । हिमपात भएपछि बाटो चिप्लो हुने गरेकाले तीर्थयात्रुहरू जाने क्रम यो बेला निकै कम हुने गरेको स्थानीय दुर्गा खनालले बताए ।

## तपाईंको साताको राशिफल




**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)**
यो साता भाग्यले विभिन्न अवसर जुराउनेछ। परिणाममुखी जिम्मेवारी वहन गर्ने समय आएको छ। धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ। व्यापार तथा सेयर कारोबारमा रुचि बढ्नेछ। प्राविधिक काममा सफलता प्राप्त हुनेछ।

**वृष (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो)**
यो साता टाढाका नातागोता वा परिवारजनसँग भेटघाट हुनेछ। बुद्धिको उपयोग गर्नाले जटिल ठानिएको कामसमेत सम्पादन हुन सक्छ। विशेष समारोहबीच प्रतिष्ठा, मान–सम्मान आदि पाइनेछ। स्वादिष्ट भोजनको आनन्द मिल्नेछ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, हा)**
यो साता शुभ चिन्तकहरूले पूर्ण समर्थन प्रदान गर्नेछन्। सजिलै अरूको मन जित्न सकिनेछ। कसै सैलाई परदेशी घर फर्कने र घरपरिवारमा रमाइलो वातावरण छाउनेछ। धनार्जनका नयाँ स्रोतहरू पनि पत्ता लाग्नेछन्।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)**
यो सातामा भाग्य शक्ति कमजोर हुनाले चिताएको कार्यमा सोचे जस्तो सफलता नमिल्ला। डुबेको धन उकास्न निकै दौडधुप गर्नुपर्छ। कामको सिलसिलामा व्यस्त हुने समय रहेको छ। बुधवारबाट रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)**
यो हप्तामा रमणीय र सुखद् यात्राको योग छ। रोकिएका काम पुनः सुरु हुन सक्छ। प्रेम र मित्रताको बन्धन कसिनुका साथै दाम्पत्य सुखमा रमाउने समय छ। प्रतिस्पर्धामा सफलता मिल्न सक्छ।

**कन्या (टो, पा, पि, पु, ष, ण, ठ, पे, पो)**
यो हप्ता बुद्धिको उपयोग गर्नाले जटिल ठानिएको कामसमेत सम्पादन हुन सक्छ। हर्ष र प्रसन्नताका बीचमा समय व्यतीत हुनेछ। कलकारखाना र बन्दव्यापारमा फाइदा हुनेछ। शेयर बजारको लगानी पनि राम्रै रहला।

**तुला (रा, रि, रु, रे, रो, ता, ति, तु, ते)**
यो साता रोकिएका काम पुनः सुरु हुन सक्छन्। भाग्यले साथ दिनेछ भने गरेको कामबाट राम्रै सफलता हात पर्नेछ। बुद्धिको उपयोगले लक्ष्य पहिल्याउन सकिनेछ। लामो दुरीको लाभदायक यात्रा हुनेछ। बुधवारबाट कामहरू अधुरै रहनसक्छ।

**वृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)**
यो साता कसैले झुटो आश्वासन दिन सक्छन्। जिद्दीपनाले गर्दा काम बिग्रने डर छ। शुभ चिन्तकहरूको सुझावलाई बेवास्ता गर्दा दुःख पाइन सक्छ। साताको मध्यबाट नयाँ कार्यको योजना बन्नेछ। मनमा हर्ष, उमंग र उत्साह छाउला।

**धनु (ये, यो, भा, भि, भु, धा, फा, ढा, भे)**
हर्ष र प्रसन्नताका बीचमा समय व्यतीत हुनेछ। दानपुण्य जस्ता कार्यमा सहभागी भइनेछ। शेयर बजारबाट राम्रो सफलता मिल्ला। मित्रवर्गको सहयोगले महत्त्वपूर्ण कार्य सम्पन्न हुनसक्छ।

**मकर (भो, जा, जि, जु, जे, जो, ख, खि, खु, खे, खो, गा, गि)**
यो साता गोपनीय ढंगले गरिएको क्रियाकलापमा सफलता पाउनुहुनेछ। वैदेशिक काममा सफलता मिल्नेछ। रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ। नयाँ उद्योग वा रचनात्मक काममा जुट्ने समय छ। नजिकको व्यक्तिबाट कार्यहरू पुरा हुनेछन्।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, दा)**
कुम्भ राशिको लागि यो साता परोपकार तथा सहयोग आदिमा पनि भूमिका निर्वाह गर्न पाइनेछ। प्राविधिक कामबाट राम्रो फाइदा हुनेछ। पुनर्मिलनको योग पनि रहेको छ। आफूसँग भएको क्षमता प्रदर्शन गर्ने अवसर जुट्ला।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, चा, चि)**
यो साता गोप्य सूचना बाहिरिनाले समस्या आउनेछ। आफन्त बीचमा खटपट, चिन्ता र शङ्का उब्जनसक्छ। लगनशीलताको कमीले गर्दा ठूलो उपलब्धि हातपार्न नसकिएला। मध्य साताबाट शुभ कार्यको चर्चा चल्नेछ।

# इलाम गोल्डकपको तयारी अन्तिम चरणमा

**इलाम ।** माघ ६ गतेदेखि १३ सम्म इलाम सदरमुकामस्थित ठूलो टुँडिखेलमा हुने अन्तर्राष्ट्रिय आमन्त्रण 'प्रथम इलाम गोल्डकप'को तयारी तीव्र पारिएको छ । गोल्डकपमा आउने दर्शकका लागि तीन हजारभन्दा बढी बाँस प्रयोग गरेर अस्थायी प्यारापिट निर्माण कार्यलाई तीव्र बनाइएको छ ।

आयोजक रेडहर्ष फुटबल क्लबका सचिव प्रकाश घिमिरेले बाँसको प्यारापिट बनाउने काम धमाधम भइरहेको जानकारी दिए । उनका अनुसार अस्थायी प्यारापिट करिब चार हजार दर्शक अटाउने क्षमताको हुनेछ ।

टुँडिखेलको तीन क्षेत्रतर्फ अस्थायी प्यारापिट निर्माणको काम अन्तिम चरणमा पुगेको उनले बताए ।

अस्थायी प्यारापिट निर्माणसँगै इलाम गोल्डकपको तयारी अन्तिम चरणमा पुगेको छ ।

गोल्डकपमा आयोजकसहित नेपालका 'ए' डिभिजन क्लब र भारतका क्लब गरी आठ टोलीको सहभागिता रहने आयोजक रेडहर्ष फुटबल क्लबका अध्यक्ष साङ्गे योल्मुले जानकारी दिए ।

उनका अनुसार आयोजक रेडहर्ष फुटक्बल क्लबसहित ' ए' डिभिजन क्लब न्युरोड टिम (एनआरटी), एकाडेमी रोयल एक्सिलेन्सा डुबाला क्यामरून, पाँचथर युवा क्लब, झापा युनाइटेड, जागृति युवा क्लब इटहरी, बागमती युवा क्लब र विदेशी टोली भारत दार्जिलिङको सहभागिता रहनेछ ।

गोल्डकप विजेताले नगद पाँच लाख र उपविजेताले तीन लाख रूपैयाँ पाउनेछन् ।

# बुधबारे जेसीजको पद हस्तान्तरण

**बुधबारे (पालिका सन्देश) ।** बुधबारे जेसीजको एघारौँ पद हस्तान्तरण कार्यक्रम सम्पन्न भएको छ । वर्ष २०२३ का अध्यक्ष जेसी अर्जुन ढकालले नव-निर्वाचित अध्यक्ष जेसी दुर्योधन देव सिंह राजपुतलाई जेसीज चेन लगाएर हस्तान्तरण गरेका हुन् । अध्यक्षको पदभार ग्रहण गर्दै नवनिर्वाचित अध्यक्ष दुर्योधन देव सिंह राजपुतले आफ्नो कार्यकालमा बुधबारे जेसीजलाई नयाँ उचाईमा पुर्याउने उद्घोष गरेका छन् । उनले बुधबारे जेसीजलाई माटोले सुहाउने जेसीज बनाउने बताएका थिए । उनले वर्ष २०२४ को बोर्ड समितिलाई पूर्णता दिँदै विभिन्न पदाधिकारीलाई



मनोनयन समेत गरेका थिए ।

बुधबारे जेसीज वर्ष २०२३ का अध्यक्ष अर्जुन ढकालको अध्यक्षतमा तथा कोशी प्रदेश प्रदेशसभा सदस्य माननीय सांसद चिन्तन पाठकको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा संस्थापक अध्यक्ष प्रकाश शिवाकोटी, पूर्व अध्यक्ष सेमन्त पोखरेल, प्रकाश भण्डारी, हेमन्त बराल, नन्दुयाफु राई, अनिल वाग्ले, निवर्तमान अध्यक्ष मुकेश भट्टराई लगागतको आतिथ्यता रहेको थियो । कार्यक्रममा नेपाल जेसीजका पदाधिकारी, जनप्रतिनिधि, सल्लाहकार, विभिन्न शाखाका पदाधिकारी, स्थानीय संघसंस्थाका प्रतिनिधि, जग्गादाता, जेसीजका सदस्य, सञ्चारकर्मी लगायतको उपस्थिति रहेको थियो ।

स्थानीय रामजानकी मन्दिरको सभाहलमा कार्यक्रममा वर्षभरी जेसीज अभियानमा जोडिने सदस्यहरूलाई समेत सम्मान गरिएको थियो । वर्ष उत्कृट सञ्चारकर्मीमा ज्ञानु भट्टराई, जेसीज अफ दि इयर सुजित बराल र बर्ष उत्कृष्ट जेसीका रूपमा अनिल घिमिरेलाई सम्मान गरिएको थियो ।

हरेक महिना उत्कृष्ट कार्य गर्ने जेसीहरूलाई समेत जेसीज अफ द मन्थ अवार्डले सम्मान गरिएको थियो । जेसी कृष्ण ढकालको संयोजकत्वमा भएको कार्यक्रममा जेसी विनोद रिजालले जेसीज आस्था पाठ गरेका थिए भने सञ्चालन वर्ष २०२३ का महासचिव कुशल अधिकारी र वर्ष २०२४ का महासचिव गजुहाङ योङ्हाङले गरेका थिए ।





# बाहुनडाँगीमा तरूल उत्सवको तयारी

**मेचीनगर ।** बाहुनडाँगीमा रैथाने बालीको संरक्षण र हात्तीबाट बचाउन सकिने बालीको विस्तार गर्ने उद्देश्यले दोस्रो मेचीनगर तरूल उत्सव हुने भएको छ । आगामी पुस २९ र माघ १ गते ऐतिहासिक दोस्रो मेचीनगर तरूल उत्सव हुने मेचीनगर नगरपालिका-४ का अध्यक्ष अर्जुन कार्कीले बताएका छन् । वडाले उत्सव गतवर्षबाट लगाउन सुरू गरेको हो ।

परम्परागत रूपमा सबै समुदाय र भूगोलका नेपालीले स्वादिलो मानेर खाँदै आएको तरूलका विभिन्न प्रजाति उत्सवमा प्रदर्शनी गरिने उनको भनाई छ । "हाम्रा परम्परागत खानेकुरामा तरूलको ठूलो महत्व छ, मानव जातिले जंगली जीवनमै तरूल, गिठ्ठा र भ्याकुर खाएर सभ्यतालाई अघि बढाएका थिए," वडाध्यक्ष अर्जुनकुमार कार्कीले भने-"हामीले अर्ग्यानिक र ग्रामीण खानेकुराको संरक्षण र प्रचारमा सबैको ध्यान जाओस् भनेर उत्सवको आयोजना गरेका हौँ ।"

# सत्य साई केन्द्रमा शंख ध्वनी प्रतियोगिता

**बुधबारे ।** सत्य साई केन्द्र बुधबारे झापाले शंख ध्वनी प्रतियोगिताको आयोजना गरेको छ । पुजापाठ देखि लिएर शवयात्रा सम्म प्रयोग गरिने शंख लोपन्मुख महसुस गर्दै केन्द्रले शंखध्वनी प्रतियोगिताको आयोजना गरिएको केन्द्रका भीम निरौलाले बताएका छन् ।

केन्द्रले पण्डीत तेजराज सुवेदीबाट शंखको विविधि पक्षमा प्रकाश पार्दै लामो दोहोरो शंख बजाउने विच प्रतियोगिता सम्पन्न गरिएको थियो । जसमा २ महिला शान्ता गौतम र भगवती न्यौपाने र १३ बर्षका हिमांशु निरौला समेत गरि १५ जनाले सहभागी जनाएका थिए ।

जसमा २२ सेकेण्ड शंख बजाएर बिर्तामोड निवासी नगेन्द्र आचार्य प्रथम, २० सेकेण्ड बजाएर बाशु मिश्र दोस्रो र २० सेकेण्ड बजाएर माधव संस्कृत विद्यालयका विद्यार्थी अर्जुन बाँस्तोला तेस्रो भएका थिए । र गज बहादुर लिम्बुले सान्त्वना पुरस्कार पाएका थिए । उनीहरूलाई नगद पुरस्कार सहित पुस्तकपत्र प्रदान गरिएको थियो । साथै सोही दिन संस्थाको साधारणसभा गरि विना उप्रतीको अध्यक्षतामा समिति समेत चयन गरिएको बताइएको छ ।


## बालबालिकाको खानपान : अभिभावकले दिनु पर्छ ध्यान

- बालबालिकालाई उमेर अनुसार पौष्टिक खाना खुवाऔं,
- आवश्यकता अनुसारको खाना खाएपछि थप खानाका लागि करबल नगरौं,
- प्राकृतिक स्वाद जस्तैः घ्यू, मह, दूध तथा स्थानीय खानाहरूको स्वाद भएको खानेकुरा खुवाऔं,
- पत्रुखाना (जंकफूड) को प्रयोग नगरौं,
- बालबालिकालाई अभिभावकसँगै राखेर खाना खुवाऔं,
- बालबालिकाको दैनिक खाना खाने समय निर्धारण गरी सोही समयमा खाना खुवाउने गरौं,
- परिवारका सदस्य एवं बालबालिकाले खाना खाने समयमा मोबाईल तथा टि.भी.को प्रयोग नगरौं ।

**कचनकवल गाउँपालिका**
बनियानी, झापा

## सप्तकोशी यातायात प्रा.लि.
## आरामदायी यात्राका लागि सदैव हामीलाई सम्झनुहोस् ।

JAMBO A/C HIACE, साथै हवाई तथा बसको टिकट समेत गरिन्छ । रिर्जवका लागि समेत सम्पर्क गर्न सक्नुहुनेछ ।

**बुधबारे काउन्टर, बुद्धशान्ति ३, झापा**
**उमेश तिम्सिना**
**मो नं. ९८५२६८८२७८/९८०७९००१२६**



## सुनचाँदीको मूल्य



**छापावाल**
रू. ११८६००/-
**तेजाबी**
रू. ११८०५०/-
**चाँदी**
रू. १४१५/-
*(प्रति तोला)*


## बि एण्ड बि क्याटरिङ एण्ड टेण्ट हाउस

विवाह, पार्टी, ब्रतबन्ध, पुराण, बनभोज, पास्नी, गुन्युचोली, सभा-समारोह सबै कार्यक्रममा स्तरीय, स्वादिष्ट खाना र रोजाइ अनुसारको परिकारका लागि सधैं सम्झनुहोस् ।



**हाम्रा सेवाहरू :**
क्याटरिङका आधुनिक र स्तरीय सामग्री, दक्ष अनुभवी कालीगढ, टेण्टका सम्पूर्ण सेट, शुद्धता, सरसफाई र क्याटरिङको आर्कषक उत्कृष्ट सजावट ।

*नोट : साउण्ड सिस्टम, डिजेको समेत सुविधा छ ।*

**प्रो. सोमनाथ भट्टराई**
मो.नं. ९८४२६९९२१४/९८१५०५१८५२/९८१२८६५२५३
बुद्धशान्ति-३, बुधबारे (झापा) ।

## अस्मिता ज्वेलर्स

बुद्धशान्ति-३, बुधबारे झापा
शाखा साविक बुधबारे ७ नं चोक

**प्रो. धन बहादुर लकान्द्री : ९८४२७६१७६०**
**प्रो. अभिशेक लकान्द्री : ९८१५९८५३९७**

यहाँ सुनचाँदीका आकर्षक गरगहनाहरु अर्डर बमोजिम ग्यारेन्टीका साथ तयार गर्नुका साथै खरिद-बिक्री गरिन्छ ।

## विषादिको प्रयोगमा सचेत बनौं

*विषादिको प्रयोगबाट व्यक्तिमा देखिने लक्षणहरू –*

- थकान महसूस हुनु, टाउको दुख्नु, रिङ्गटा लाग्नु, छाती दुख्नु ।
- छाला लाटो हुनु, चिलाउनु र फोका आउनु ।
- आँखा रातो हुनु, पोल्नु, आँसु बगिरहनु, धमिलो देखिनु र आँखीभौं फर्फराउनु ।
- नाक पोल्नु, पातलो सिंगान बगिरहनु, खोकी लाग्नु, वाक-वाकी लाग्नु, बान्ता हुनु र निद्रा नपर्नु ।
- हिँड्दा लड्खडाउनु, कम्पन हुनु, होश हराउनु, स्वाँ-स्वाँ बढ्नु र मुर्छा पर्नु ।
- त्यसबाट प्यारालाइसिस, हृदयाघात तथा मृत्यु समेत हुन सक्ने भएकोले विषादिको प्रयोगमा सावधानी अपनाऔं ।

**रोङ गाउँपालिका**
इलाम

## जाडोबाट बच्ने उपाय

- तातो, झोलिलो पदार्थ प्रशस्त मात्रामा पिउने गरौं,
- न्यानो कपडा लगाऔं,
- घाम वा आगो तापौं,
- तेल मालिस गरौं,
- शारीरिक व्यायाम गरौं,
- बालबालिका, ज्येष्ठ नागरिक तथा अशक्तले सकेसम्म चिसोको समयमा घर बाहिर ननिस्कौं,
- ताजा र पौष्टिक खानेकुरा खाऔं,
- जाडोबाट बच्ने नाममा धूम्रपान तथा मद्यपान नगरौं,
- स्वास्थ्यमा कुनै समस्या परेमा चिकित्सक वा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं ।

**अर्जुनधारा नगरपालिका**
अर्जुनधारा, झापा

## बुद्धशान्ति १ नम्बर वडाद्वारा वडाबासीमा अनुरोध

- जन्म, मृत्यु, विवाह, बसाईंसराईं ३५ दिनभित्र अनिवार्य दर्ता गरौं ।
- सडक र सडकका पेटीमा निर्माण सामग्री र व्यवसायका सामग्री नराखौं ।
- भान्सा र पसलका फोहोरलाई जथाभावी नफालौं ।
- वडालाई पर्यटनमैत्री र वातावरणमैत्री बनाउन स्वच्छ र सफा राखौं ।
- समय समयमा वडामा गई वडाबाट पाइने सेवासुविधाबारे जानकारी लिऔं ।

**बुद्धशान्ति गाउँपालिका**
**१ नम्बर वडा कार्यालय**
बुद्धशान्ति, झापा

# २५ हजार भारुको सीमाले भारतीय पर्यटकलाई सास्ती !

**झापा ।** अर्थतन्त्रको मुख्य आधार कृषि र पर्यटन भन्दै गर्दा सरकारकै केही नीतिका कारण मुलुकले सोचे अनुरूपको प्रगति हासिल गर्न सकेको छैन । यसैको एउटा उदाहरण हो- क्रस-बोर्डर २५ हजार भारूको बाध्यात्मक व्यबस्था । नेपाल राष्ट्र बैंकले भारत हुँदै नेपाल आउने पर्यटकलाई अधिकतम २५ हजार भारूमात्र बोकेर आउने सीमा तोकिदिएको छ । अर्थात् नेपाल प्रवेश गर्ने एक भारतीय नागरिकले एक पटकमा २५ हजार भारूभन्दा बढी बोकेमा त्यस्तो पैसालाई अवैध मानिन्छ र उसलाई कारबाही गरिन्छ । यसले खर्च गर्न चाहने पर्यटकलाई निरूत्साहित गरिरहेको पर्यटन व्यबसायीहरूको गुनासो छ ।

त्यसो त नेपाल-भारत क्रस-बोर्डर (अन्तर्राष्ट्रिय) डिजिटल कारोबार र भुक्तानीको सुविधासमेत हालसम्म सञ्चालनमा आउन सकेको छैन । गत जेठमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को भारत भ्रमणका क्रममा क्रस-बोर्डर डिजिटल पेमेन्ट गेटवेलाई प्राथमिकताका साथ अघि बढाउने सहमति भएको थियो । तर, सो सहमति हालसम्म पनि कार्यान्वयनमा आउन सकेको छैन । एक त नगदको सीमा, अर्कोतर्फ डिजिटल पेमेन्टको सुविधा समेत नहुँदा नेपाल आउन चाहने ठुलो र गुणस्तरीय पर्यटक रोकिन पुगेको पर्यटन व्यबसायी एवम् ट्राभल एण्ड टुर्स एसोसिएसन अफ नेपाल (नाट्टा) का अध्यक्ष रमेश थापा बताउँछन् ।

'भारतीय पर्यटकले २५ हजार भारूभन्दा बढी बोक्न पाउँदैनन् । अर्कोतर्फ सोही रकम पनि एक सयको दरका मात्र बोक्नुपर्ने बाध्यात्मक स्थिति छ । नेपालमा भारू ५००, १००० र २००० दरका नोट प्रतिबन्धित छ । यस विषयमा सरकार, राष्ट्र बैंकसँग पटकपटक छलफल गर्दा पनि सुधार हुन सकेको छैन,' उनले भने, ' एकातर्फ हामी गुणस्तरीय पर्यटकका कुरा गरिरहेका छौँ । अर्कोतर्फ यस्तो निस्तेजको बाटो रोजिरहेका छौँ । यस्तो नीतिले पर्यटनको विकास हुन सक्दैन ।'

नेपाल आउने अधिकांश भारतीय धार्मिक पर्यटक छन् । यस्तोमा युवाभन्दा बढी पाका (वृद्ध-वृद्धा)हरु हुने गरेकाले यिनीहरूलाई डिजिटलभन्दा पनि पर्याप्त नगद नै बोक्न पाउने सुविधा दिनुपर्ने व्यबसायीको माग छ । । यसो गरे हाल भारतबाट नेपाल आउने पर्यटक सत्त्या तीन गुणाले बढ्ने र आम्दानी चार गुणाले बढ्ने व्यबसायी बताउँछन् ।

भन्सार विभागको पछिल्लो तथ्याङ्क अनुसार सन् २०२३ मा ३ लाख १९ हजार ९३६ जना भारतीय पर्यटक नेपाल आएका छन् । यो प्रि-कोभिड सन् २०१९ को भन्दा पनि २५.८८ प्रतिशतले बढी हो । सन् २०१९ मा २ लाख ५४ हजार १५० जना भारतीय पर्यटक नेपाल आएका थिए ।

## पर्यटन पुनरूत्थानको वर्ष : १० लाख बढी पर्यटक भित्रिए

**काठमाडौं ।** कोभिड-१९ पछि प्रायः सुस्त रहेको नेपालको पर्यटन क्षेत्र तीन वर्षपछि पुनर्जागृत भएको छ । सन् २०२३ मा १० लाख बढी पर्यटक नेपाल भित्रिएका छन् । सरकारले सन् २०२३ देखि २०३३ लाई पर्यटन दशकको रूपमा मनाउने घोषणा गर्दै सुरूवाती वर्षमा १० लाख पर्यटक भित्र्याउने लक्ष्य राखेको थियो । सरकारी लक्ष्य ३१ डिसेम्बर, २०२३ सम्ममा १०



लाख १४ हजार ८७६ जना पर्यटक भित्रिएका छन् । यो मानेमा पर्यटक भित्र्याउने लक्ष्यमा सफल भएको छ ।

यो प्रि-कोभिड अर्थात् सन् २०१९ को तुलनामा ९५.७६ प्रतिशतको रिकभरी हो । सन् २०१९ मा हालसम्मकै उच्च ११ लाख ९७ हजार १९१ (झन्डै १२ लाख) पर्यटक नेपाल भित्रिएका थिए । पर्यटन बजारको हिसाबले छिमेकी मुलुक भारत र बंगलादेशी पर्यटकको आगमन यो वर्ष निकै उत्साहप्रद देखिएको छ । यो वर्ष भारतीय र बंगलादेशी पर्यटक सन् २०१९ को भन्दा पनि बढी आगमन भएको तथ्याङ्कले देखाएको छ ।

सन् २०१९ मा भारतबाट २ लाख ५४ हजार १५० जना पर्यटक आएका थिए । तर यो वर्ष सोही बजारबाट ३ लाख १९ हजार ९३६ जना पर्यटक नेपाल भित्रिएको पर्यटन बोर्डले जनाएको छ । सन् २०१९ को तुलनामा यो वर्ष भारतीय पर्यटक २५.८८ प्रतिशतले वृद्धि भएको हो । यसै गरी, सन् २०१९ मा जम्मा २५ हजार ८४९ जना मात्र बंगलादेशी पर्यटक आएकामा यो वर्ष ३२ हजार बढी नेपाल आएको बोर्डले जनाएको छ ।

सन् २०२३ मा अमेरिकाबाट १ लाख ३५७ जना पर्यटक नेपाल भित्रिएका छन् । यसअघि प्रि-कोभिड, सन् २०१९ मा अमेरिकाबाट ९३ हजार २४१ जना पर्यटक नेपाल आएका थिए । यो वर्ष अर्को छिमेकी मुलुक चीनबाट ६० हजार ८७८ जना पर्यटक नेपाल आएका छन् ।

यद्यपि, प्रि-कोभिडको तुलनामा सन् २०२३ मा चिनियाँ पर्यटकको सत्त्या ६४ प्रतिशतले घटेको हो । अध्यागमन विभागको तथ्याङ्क अनुसार सन् २०१९ मा १ लाख ६९ हजार ५४३ जना चिनियाँ पर्यटक नेपाल आएका थिए । यस्तै, अन्य तेस्रो मुलुकहरूबाट आउने पर्यटकको सत्त्यामा समेत सकारात्मक सुधार भएको नेपाल पर्यटन बोर्डले जनाएको छ ।

## विद्युत प्राधिकरणले बक्यौता बुझाउन दियो ६० दिनको समय

**काठमाडौं ।** नेपाल विद्युत प्राधिकरणले विद्युत महसुल रकम बुझाउन ६० दिनको समय दिएको छ । प्राधिकरणले एक सूचना निकाल्दै तिर्न बाँकी बक्यौता रकम ६० दिनभित्र किस्तामा तिर्न सकिने बताएको हो ।

यही पुस १६ गतेको प्राधिकरणको बैठकले विद्युत सेवा प्राप्त गरी बक्यौता र कम बाँकी रहेका लागि किस्ताबन्दीमा रकम बुझाउने व्यवस्था गर्ने निर्णय गरेको थियो । निर्णय अनुसार विद्युत सेवा प्राप्त गरेका सेवाग्राहीका लागि बढीमा ६० महिनासम्मको किस्ताबन्दीको व्यवस्था गरिनेछ । यो सेवा लिनका लागि प्राधिकरणको सम्बन्धित वितरण केन्द्रमा ३० दिनभित्र आवेदन दिन सूचना जारी गरिएको छ ।

## अलैंचीको भाउ प्रतिमन ८५ हजार

**इलाम (पालिका सन्देश) ।** बढ्दै घट्दै गरिरहेको अलैंको भाउ फेरि उक्लिएको छ । अहिले अलैंचीको भाउ चार वर्षयताकै उच्च भएको हो । अहिले बजारमा अलैंची ८५ हजार रूपैयाँ प्रतिमन (एक मनमा ४० किलो) बिक्री हुन थालेको व्यबसायीले बताएका छन् । यो भाउ गतवर्षभन्दा झन्डै तीन गुणा बढी हो । व्यबसायी जीवन पाण्डेका अनुसार पोहोर यतिबेला प्रतिमत २८ हजार रूपैयाँ भाउ थियो । अन्तर्राष्ट्रिय बजारमा माग बढेको र उत्पादन कम भएकाले भाउ राम्रो आएको अनुमान व्यबसायीको छ ।

जिल्लाका धेरै ठाउँमा अलैंची रोगले मासिएको छ । किसान नयाँ-नयाँ जातका अलैंची लगाएर आम्दानी गर्दैछन् । बर्सेनि २७ देखि ३१ मन अलैंची उत्पादन गरिरहेका सूर्योदय-१ का वीरेन सेरेङले यो साल अलैंचीबाट आम्दानी राम्रो हुने आशा गरेको बताए । उनले अचेल केही आधुनिक हिसाबले किसान अलैंची खेतीमा लागेको पनि बताए ।

कृषि ज्ञान केन्द्रका अनुसार जिल्लामा यो एक हजार तीन सय २० दशमलव पाँच मेट्रिक टन अलैंची उत्पादन भएको छ । अघिल्लो वर्षको तुलनामा यो तथ्यांक सात दशमलव ९६ प्रतिशत बिन्दुले धेरै हो । एक हजार सात सय ५३ हेक्टर जमिनमा यो उत्पादन भएको केन्द्रले जनाएको छ । गतवर्ष इलाममा एक हजार दुई सय १५ दशमलव २६ मेट्रिक टनमात्र अलैंची उत्पादन भएको थियो । गतवर्ष एक हजार सात सय ५५ हेक्टरमा खेती थियो । खेती घटेपनि यो वर्ष उत्पादन बढेको छ ।

## झापाका सबै वडामा सहरी सुविधा

**बुद्धशान्ति ।** झापाका अधिकांश वडा सहरोन्मुख रहेको राष्ट्रिय तथ्यांक कार्यालयले जनाएको छ । झापा कोशी प्रदेशमा ग्रामिण जनसंख्या कम भएको दोश्रो जिल्लामा परेको छ । झापा जिल्लाका १३१ वटा वडाहरूमध्ये १०८ वटा वडा सहरोन्मुख क्षेत्रमा परेका छन् । त्यस्तै, १५ वटा वडा शहरी र आठवटा वडा ग्रामीण क्षेत्रमा परेका छन् ।

तथ्यांकअनुसार बाह्रदशी, बुद्धशान्ति गौरादह र कचनकवलका एकएक तथा हल्दिबारी र गौरीगञ्जका दुईदुईवटा वडा ग्रामीण क्षेत्रमा परेका छन् । ११ औं राष्ट्रिय जनगणना २०७८ को पुरक प्रतिवेदनका रूपमा राष्ट्रिय तथ्यांक कार्यालयले सहरी र ग्रामीण क्षेत्र र त्यहाँको जनसंख्यासहित सार्वजनिक गरेको प्रतिवेदनले त्यस्तो देखाएको हो ।

प्रतिवेदन अनुसार झापा जिल्लामा ४ दशमलव ४२ प्रतिशत मानिस ग्रामीण क्षेत्रमा, ७६ दशमलव ६ प्रतिशत सहरोन्मुख क्षेत्रमा र १८ दशमलव ९५ प्रतिशत मानिसहरू सहरी क्षेत्रमा बसोबास गर्दछन् । प्रतिवेदनमा नेपाललाई सहरी, सहरोन्मुख र ग्रामीण क्षेत्र गरेर वडागत वर्गीकरण गरिएको छ ।

भू-उपग्रहबाट प्राप्त चित्र र पछिल्लो जनगणनाबाट प्राप्त तथ्यांकलाई समायोजन गरी वैज्ञानिक विधिबाट वर्गीकरण गर्दा यस्तो पाइएको छ । कोशी प्रदेशमा सबैभन्दा कम ग्रामीण जनसंख्या भएको जिल्लामा सुनसरी परेको छ ।

### महत्वपूर्ण सम्पर्क नम्बरहरू :

**गाउँपालिका :**
बुद्धशान्ति गाउँपालिका :
सम्पर्क नं :०२३-५५५०४४, ०२३-५५५२०८
कचनकवल गाउँपालिका : ९८५२६५५२१०
कमल गाउँपालिका : ०२३४७५०८१, ०२३४७५०९९
बाह्रदशी गाउँपालिका :
९८२४००२६७७, ९८१६९५०४३०
गौरीगञ्ज गाउँपालिका : ०२३-४१२०४४
हल्दीबारी गाउँपालिका :
९८५२६४०४५१, ९८५२६४०४५३
झापा गाउँपालिका : ९८०२०९६२२२, ९८५२६३०९००
रोङ गाउँपालिका : ०२७-६९१४२०

**नगरपालिका :**
बिर्तामोड नगरपालिका : ०२३-५४०२४४
अर्जुनधारा नगरपालिका : ०२३-४६५०४४
मेचीनगर नगरपालिका : ०२३-५६२४३७, ५६२५०५
भद्रपुर नगरपालिका : ०२३-५२०७८१, ०२३-५२०१४८
कनकाई नगरपालिका : ०२३-४०११५५
शिवसताक्षि नगरपालिका : ०२३-४७०३२३
गौरादह नगरपालिका : ०२३-५९७००६
दमक नगरपालिका : ०२३- ५८०१३७, ०२३-५८००४४


**दमकल (बारूण यन्त्र) :**
बिर्तामोड न.पा. : ९८५२६४०१०१
मेचिनगर न.पा. : ९८६२६८३७३४
दमक न.पा. : ९८५२६८३८२०
भद्रपुर न.पा. : ९८१४९०८१०८
गौरादह न.पा : ९८०४९२६७६४
कमल गा.पा. : ९८६३७८०२७२

**शववहान :**
गौरादह रेडक्रस : ९८१६०३८३८३१
बिर्तामोड न.पा. : ९८१५०२७७३२
भद्रपुर न.पा. : ९८४४६५०६६६
मेचिनगर न.पा : ९७४६८७९४०३

**सर्पदंश उपचार केन्द्र :**
नेपाली सेना, चारआली : ०२३-४६०१०७
दमक : ०२३-५८०१७६
कनकाई कोटीहोम : ९८४२१५४२७५
कचनकवल : ९८१४९९७१०५

**रक्तसञ्चार :**
भद्रपुर : ०२३-५२३८१४
बिर्तामोड : ०२३-५४१८३३
बिएण्सी : ०२३-५४५७७७
नेरेसो दमक : ०२३-५८०१७६

**अन्य :**
नेपाल रेडक्रस सोसाइटी झापा : ०२३-५२०१०२
सीतारमेश बहुमुखी क्याम्पस, बुद्धशान्ति :
०२३-५५५५५७
आदर्श नमूना सामुदायिक बन बुद्धशान्ति :
०२३-५५५१४६
जिल्ला प्रशासन कार्यालय, झापा,
भद्रपुर : ०२३-४५२१२५
ईलाका प्रशासन कार्यालय, गौरीगञ्ज, झापा :
०२३-४१२०८७
ईलाका प्रशासन कार्यालय, दमक, झापा :
०२३-५८००३६
मालपोत कार्यालय चन्द्रगढी, झापा : ०२३-४५५२७८
नेपाल पत्रकार महासंघ झापा शाखा : ०२३-५४०२०६
झापा जिल्ला सहकारी संघ लि : ०२३-५३६६८५
नेपाल विद्युत प्राधिकरण, बुधबारे :०२३-५५५०३१
शाना शहरी खानेपानी तथा उपभोक्ता समुह,
बुधबारे :०२३-५५५०६४

आयस्था निर्माण सेवा
बुद्धशान्ति-३, झापा
बाटो, घर निर्माण, ग्राभेल गर्न, जमिन सम्याउन, पाइपलाइन बिस्तार गर्न साथै निर्माण सम्बन्धी कामका आवश्यक सम्पूर्ण सामाग्रीहरुको ठेक्का कार्यको लागि हामीलाई सम्झनु होला ।

प्रो. झरेन्द्र श्रेष्ठ । सम्पर्क नं. ९८१७९९८३०६

"वन डढेलो नियन्त्रण गरौं, जैविक विविधताको संरक्षण गरौं"
सुख्खायाम लागेसँगै वन जंगलमा डढेलो लगाईने गतिविधि जिम्मेवार नागरिकका लागि अशोभनीय कार्य हुन्। जिम्मेवार नागरिकहरुले यस्ता कार्यको विरुद्ध सबैलाई सचेत गराऔं। वन जंगल तपाई हामी सबैको साझा सम्पति हो। सबै मिलि यसको संरक्षण गरौं। वातावरण संरक्षण तपाई हाम्रै जिम्मेवारी हो।
अनुरोधकर्ता :
आर्दश नमुना सामुदायिक वन उपभोक्ता समूह
बुद्धशान्ति, झापा

एस.के. टेड्र्स बिर्तामोड


कपडाका लागि हामीलाई सम्झनुहोस् ।
हामीकहाँ सबै प्रकारका कपडाहरु
होलसेल तथा खुद्रा
मुल्यमा उपलब्ध छ ।
ग्राहकको सेवा नै हाम्रो सन्तुष्टि हो ।
प्रो. सन्दिप गौतम
फोन नं. ९८४४६४५०३५
बिर्तामोड-४, (कृष्णहल रोड झापा)

प्रो अर्जुन ढकाल
सुभद्रा ढकाल
मो. ९८५२६५५२८१
९८४२६५३२३१
होक्से क्लिनिक एण्ड डाईग्नोष्टिक सेन्टर प्रा.लि.
बुद्धशान्ति-१, नमुना चौक, झापा
फोन नं. ०२३-५५५२२९
यहाँ रगतद्वारा सुगर, थाईराइड, युरिक एसिड, मृगौला तथा कलेजोको जाँच साथै दिशा-पिसाब जाँच तथा एक्सरे, भिडियो एक्सरे सेवा उपलब्ध छ ।